भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,
नवलपरासी

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७।०७।०३**

यस कार्यालयको चालु आ.व. २०७७।०७८को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रोडकोरीडोर/राजमार्ग लक्षित तथा मिसन (आलु र मकै बाली) कार्यक्रम सञ्चालन विधि २०७७ बमोजिम सञ्चालन गरिने भएकोले सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०७७।०७।२३ गते भित्र) यस कार्यालयमा तपसिलको विवरण पेश गरी दर्ता गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालय बाट /वेभ साईट www.molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध गरिन्छ ।

तपसिल :

| क.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | रोडकोरिडोर/मार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम, रुपन्देही | रोड कोरिडोर/राजमार्ग लक्षित कार्यक्रम संचालन विधि, २०७७ को अनुसूची १ र अनुसूची ८ बमोजिम | एउटै क्लष्टर कम्तीमा ५ हेक्टर क्षेत्र समेटी बढीमा १५ वटा कलष्टर एउटा वडा वा जोडिएको वडाहरुमा कलष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सकिने ।अनुसूची-३ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको कार्यक्रम प्रस्ताव, अनुसूची -५बमोजिम प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरु अनुसूची -१० बमोजिमको प्रतिबद्धता पेश गर्नुपर्नेछ। | रामापुर देखि पर्सा चोक रुपन्देही सडकको दाँया बाँया ५ किलोमीटर भित्रको परिधिमा | कृषक/फार्म/कृषि उधमी/कम्पनी/कृषक समुह/ सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार संचालक संस्था | अनुदानग्राहीलाई स्वीकृत कार्ययोजनामा अनुसूची-८ बमोजिम तोकिएका कृयाकलापहरुमा बढीमा ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत लागत साझेदारीमा वा प्रति हेक्टरमा रु एक लाखको दर नबढाई जुन कम हुन आउछ सोही रकम उपलब्ध गराईनेछ। |
| २ | रोडकोरिडोर/मार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम, नवलपरासी (ब.सु.प.) | रोड कोरिडोर/राजमार्ग लक्षित कार्यक्रम संचालन विधि, २०७७ को अनुसूची १ र अनुसूची ८ बमोजिम | एउटै क्लष्टर कम्तीमा ५ हेक्टर क्षेत्र समेटी बढीमा १५ वटा कलष्टर एउटा वडा वा जोडिएको वडाहरुमा कलष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सकिने ।अनुसूची-३ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको कार्यक्रम प्रस्ताव, अनुसूची -५बमोजिम प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरु र अनुसूची -१० बमोजिमको प्रतिबद्धता पेश गर्नुपर्नेछ। | जुमिभार देखि गंगाबस्ती बरुवा मार्ग नवलपरासी (ब.सु.प.)सडकको दाँया बाँया ५ किलोमीटर भित्रको परिधिमा | कृषक/फार्म/कृषि उधमी/कम्पनी/कृषक समुह/ सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार संचालक संस्था | अनुदानग्राहीलाई स्वीकृत कार्ययोजनामा अनुसूची-८ बमोजिम तोकिएका कृयाकलापहरुमा बढीमा ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत लागत साझेदारीमा वा प्रति हेक्टरमा रु एक लाखको दर नबढाई जुन कम हुन आउछ सोही रकम उपलब्ध गराईनेछ। |
| ३ | मिसन (आलु) कार्यक्रम | आलु मिसन कार्यक्रम संचालन विधि, २०७७ को अनुसूची १ र अनुसूची ८ बमोजिम | एउटै क्लष्टर कम्तीमा ५ हेक्टर क्षेत्र समेटी बढीमा १५ वटा कलष्टर एउटा वडा वा जोडिएको वडाहरुमा कलष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सकिने ।अनुसूची-३ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको कार्यक्रम प्रस्ताव, अनुसूची -५बमोजिम प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरु र अनुसूची -१० बमोजिमको प्रतिबद्धता पेश गर्नुपर्नेछ। | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला अन्तर्गतका स्थानिय तहका सम्पूर्ण वडाहरु | कृषक/फार्म/कृषि उधमी/कम्पनी/कृषक समुह/ सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार संचालक संस्था | अनुदानग्राहीलाई स्वीकृत कार्ययोजनामा अनुसूची-८ बमोजिम तोकिएका कृयाकलापहरुमा बढीमा ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत लागत साझेदारीमा वा प्रति हेक्टरमा रु एक लाखको दर नबढाई जुन कम हुन आउछ सोही रकम उपलब्ध गराईनेछ। |
| ४ | मिसन (मकै) कार्यक्रम | मकै मिसन कार्यक्रम संचालन विधि, २०७७ को अनुसूची १ र अनुसूची ८ बमोजिम | एउटै क्लष्टर कम्तीमा ५ हेक्टर क्षेत्र समेटी बढीमा १५ वटा कलष्टर एउटा वडा वा जोडिएको वडाहरुमा कलष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सकिने ।अनुसूची-३ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको कार्यक्रम प्रस्ताव, अनुसूची -५बमोजिम प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरु र अनुसूची -१० बमोजिमको प्रतिबद्धता पेश गर्नुपर्नेछ। | रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला अन्तर्गतका स्थानिय तहका सम्पूर्ण वडाहरु | कृषक/फार्म/कृषि उधमी/कम्पनी/कृषक समुह/ सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार संचालक संस्था | अनुदानग्राहीलाई स्वीकृत कार्ययोजनामा अनुसूची-८ बमोजिम तोकिएका कृयाकलापहरुमा बढीमा ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत लागत साझेदारीमा वा प्रति हेक्टरमा रु एक लाखको दर नबढाई जुन कम हुन आउछ सोही रकम उपलब्ध गराईनेछ। |

पुनश्च : थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं. ०७८-५२०१२६ / ५२०१०६ मा सम्पर्क गर्न सकिने छ ।

देवेश कुमार मिश्र
प्रमुख

Scanned with CamScanner

☎ : ०७८-५२०१२६,५२०१०६ (Fax)
email : akcnawalparasi@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,
नवलपरासी

**प्रतिफलमा आधारित प्रोत्साहन अनुदान सहयोग कार्यक्रममा सहभागी हुनका लागि प्रस्ताव आव्हानको सुचना**

**प्रथम पटक प्रकाशित मितिः- २०७७/०६/०३**

कृषि ज्ञान केन्द्र नवलपरासी (ब.सु.प) को आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तरगत कृषक/सहकारी /उद्यमी/कम्पनीहरुलाई अनुदान सहयोग कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/सहकारी/उद्यमी/कम्पनीहरु आफु वा आफू मातहतका कृषक सदस्यहरुलाई सहभागी गराउनुहुन यो सुचना प्रकाशन भएको मितिले ३० दिन मिति २०७८/०८/०२ गते भित्र कृषि ज्ञान केन्द्र नवलपरासी (ब.सु.प) को कार्यालयमा उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि २०७६ को अनुसूचि २ मा उल्लेख भए बमोजिमका कागजातहरु सहित आवेदन पत्र पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. सहकारी वा संस्था वा कम्पनी दर्ता /नविकरणको प्रमाणपत्र
२. कर चुक्ताको प्रमाणपत्र
३. संस्थाको हकमा गत वर्षको लेखापरिक्षणको प्रतिवेदन
४. अनुसूचि ५ बमोजिमको कार्ययोजना
५. कार्यक्रम संचालन भएको स्थलको फोटोहरु
६. सम्बन्धित स्थानीय तहको सिफारिस
७. सहकारीको हकमा वार्षिक साधारण सभा भएको भए गत वर्षको प्रतिवेदन

**नोट** : थप जानकारीको लागि कृषि ज्ञान केन्द्र नवलपरासीमा संम्पर्क गर्न अनुरोध छ ।
सम्पर्क नं. ०७८-५२०१०६, ०७८-५२०१२६

कार्यक्रम संचालन कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशको, Website www.molmac.p5.gov.np बाट डाउनलोड गरी जानकारी लिन सकिनेछ ।

०६।०६।०३

**देवेश कुमार मि**
**प्रमुख**

Scanned with CamScanner